अन्तर्राष्ट्रिय समन्वय परिषद् निर्णय मितिः ५ मई २०१९

गैरआवासीय नेपाली संघ

महिला फोरमको कार्य व्वस्था सम्बन्धी नियमावली, २०१९

प्रस्तावना:

गैरआवासीय नेपाली संघ महिला फोरमले विभिन्न मुलुकहरुमा रहेका राष्ट्रिय समन्वय परिषद्हरुमा आबद्ध महिला प्रतिनिधि मार्फत विश्वभरीका गैरआवासीय नेपाली महिलाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हीतको लागि महिलाहरुको सामूहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी पार्न सञ्जाल विस्तार गर्नको लागि गैरआवासीय नेपाली संघको विधानको परिच्छेद ६ को दफा २२.७ बमोजिम कार्य प्रणाली बनाउनका लागि अन्तर्राष्ट्रिय समन्वय परिषद्ले गैरआवासीय नेपाली संघको विधान २००३ (२०१७ संशोधन सहित) को दफा १७.६ को दिएको अधिकार प्रयोग गरी यो नियमावली बनाएको छ ।

१. नाम र प्रारम्भ:

यस नियमावलीको नाम "गैरआवासीय नेपाली संघ महिला फोरम कार्यव्यवस्था सम्बन्धी नियमावली, २०१९" रहने छ । यस नियमावली अन्तर्राष्ट्रिय समन्वय परिषद्ले तोकेको दिन देखी लागू हुनेछ ।

२. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः

(क) संघ भन्नाले गैर आवासीय नेपाली संघलाई जनाउनेछ ।

(ख) विधान भन्नाले गैर आवासीय नेपाली संघको विधान २००३ (२०१७ संशोधन सहित) लाई जनाउनेछ ।

(ग) फोरम भन्नाले गैर आवासीय नेपाली संघ महिला फोरमलाई जनाउनेछ ।

३. फोरम गठनको उद्देश्य:

विश्वभरी छरिएर रहेका गैरआवासीय नेपाली महिलाहरुलाई संयोजन गर्दै नेपाल र नेपालीको हितको लागि महिलाहरुको सामुहिक प्रयत्नलाई व्यवस्थित र प्रभावकारी बनाउन संजाल विस्तार गर्ने । नेपालका पिछिडिएका महिलाहरुको जीवनस्तर उकास्न सकृय भूमिका निर्वाह गर्ने ।

४. काम र कर्तव्य :

४.१ विधानको उपदफा २२.७ मा भएको प्रावधान अनुसार राष्ट्रिय समन्वय परिषद्का महिला संयोजकहरुलाई सम्बन्धित क्षेत्रको क्षेत्रीय महिला संयोजक सँगको समन्वयमा संयोजन गर्ने, आवधिक विवरण लिने, महिलासँग सम्बन्धित विभिन्न कार्यक्रमहरु तय गर्ने ।

४.२ प्रत्येक राष्ट्रिय समन्वय परिषद्का महिला संयोजक प्रतिनिधिहरुले आ–आफ्नो मुलुकमा रहेका महिलाहरुलाई सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजक मार्फत एकिकृत गरेर महिला सम्बन्धी कार्यक्रमरु सञ्चालन गर्ने ।

४.३ नेपालमा रहेका पिछिडिएका महिलाहरुलाई सामाजिक, आर्थिक, शिक्षा, स्वास्थ्य र उद्यमशीलतामा उनीहरुको पहुँच पुर्‍याउनका लागि नेपाल सरकार, सरोकारवाला संघ संस्थाहरुसँग सहकार्य गरी उनीहरुको तालिमको लागि आवश्यक साधन श्रोत उपलब्ध गराउन क्रियाशील रहने ।

४.४ नेपालमा रहेका निम्न आय भएका महिलाहरुको शिक्षा र उद्यमशीलताको विकासको लागि छात्रबृद्धि प्रदान गर्न आर्थिक श्रोत जुटाउने कार्य गर्ने ।

४.५ महिला शसक्तिकरणको लागि कार्यहरु सञ्चालन गर्ने ।

४.६ महिलाहरुलाई आफ्नो हक अधिकारको लागि जागरण गराउने खालका कार्यहरु सञ्चालन गर्न सहकार्य र सहयोग गर्ने ।

४.७ नेपालको हरेक तह र क्षेत्रहरुमा उनीहरुको पहुँच र सहभागीताको लागि नेपाल सरकार र सरोकारवालाहरुसँग सहकार्य र समन्वय गर्ने ।

४.८ फोरमले प्रत्येक ३ महिनामा एक पल्ट नियमित रुपमा अन्तर्राष्ट्रिय समन्वय परिषद्मा फोरमले गरेका कार्यहरुको प्रगति विवरण पेश गर्ने ।

४.९ विश्वमा रहेका नेपाली महिलाहरुको संजाललाई एकताबद्ध र सकृय बनाउनको लागि महिला सम्मेलन तथा गोष्ठीहरु संचालन गर्ने ।

४.१० राष्ट्रिय समन्वय परिषद्मा महिला संयोजकको पद रिक्त भएमा बाँकी अवधिको लागि रिक्त पदमा महिला फोरमका संयोजकले सम्बन्धित क्षेत्रका क्षेत्रीय संयोजक मार्फत राष्ट्रिय समन्वय परिषद्हरुसँग समन्वय गरेर चयनको लागि आवश्यक पहल गर्ने छ ।

४.११ गैर आवसीय नेपाली संघ र कुनै पक्ष बीच महिलाहरुसँग सम्वन्धि समझदारीपत्रमा हस्ताक्षर गर्नु परेमा समझदारी पत्रको प्रकृति हेरी अन्तर्राष्ट्रिय समन्वय परिषद्का महिला संयोजक वा सम्बन्धित क्षेत्रका क्षेत्रीय महिला संयोजकलाई सहभागी गराउनु पर्नेछ ।

४.१२ स्थानीय स्तरका संघ संस्थासँग समझदारीपत्रमा हस्ताक्षर गर्नु परेमा सो देशको राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष वा अन्तर्राष्ट्रिय समन्वय परिषद् महिला संयोजकसँग परामर्श लिनु पर्नेछ । यस्ता समझदारी पत्रमा सम्बन्धित क्षेत्रको क्षेत्रीय महिला संयोजक र राष्ट्रिय समन्वय परिषद्बाट निर्वाचित महिला संयोजकहरुलाई पनि हस्ताक्षर गर्न सहभागी गराउनु पर्नेछ ।

४.१३ नेपालका वा अन्तर्राष्ट्रिय स्तरका संघसंस्थासंग समझदारी पत्रमा हस्ताक्षर गर्नु परेमा अन्तर्राष्ट्रिय समन्वय परिषद् महिला संयोजकले अन्तर्राष्ट्रिय समन्वय परिषद्को अध्यक्षसँग परामर्श लिनु पर्नेछ । यस्ता समझदारी पत्रमा अन्तर्राष्ट्रिय समन्वय परिषद् महिला संयोजकलाई पनि हस्ताक्षर गर्न सहभागी गराईनेछ ।

४.१४ विधानको दफा २२.७ अनुसार राष्ट्रिय समन्वय परिषद्को मातहतमा रही सम्वन्धित देशको महिला संयोजकको अगुवाईमा बन्ने महिलाहरुको संजालको व्यवस्थापन गर्न सम्बन्धित क्षेत्रको क्षेत्रीय संयोजकलाई परिचालन गर्नु पर्ने छ ।

४.१५ राष्ट्रिय समन्वय परिषद्को स्तरमा आयोजना गरिने महिला सम्वन्धी कार्यक्रमको संयोजन राष्ट्रिय समन्वय परिषद्बाट निर्वाचित महिला संयोजकले सम्बन्धित क्षेत्रको क्षेत्रीय संयोजकसंग समन्वय गरेर गर्नु पर्ने छ ।

४.१६ हरेक राष्ट्रिय समन्वय परिषद्ले आफ्नो मुलुकमा महिला संयोजकको चयन गर्दा कम्तिमा पुरा कार्यकाल अथवा २ वर्षको लागि चयन गर्नको लागि महिला फोरमले अनुरोध गर्ने छ । राष्ट्रिय समन्वय परिषद्मा महिला संयोजकको पद रिक्त भएमा बांकी अवधिको लागि रिक्त पदमा महिला फोरमका क्षेत्रीय संयोजकले आफ्नो क्षेत्र भित्रका राष्ट्रिय समन्वय परिषद्हरुसंग समन्वय गरेर चयनको लागि आवश्यक पहल गर्न सक्नेछ ।

५. बैठक:

विभिन्न क्षेत्रका महिला क्षेत्रीय संयोजक र विभिन्न राष्ट्रिय समन्वय परिषद्का महिला संयोजक तथा महिला प्रतिनिधिहरुसंग समन्वय, सहकार्य गरी संचालन भएका गतिविधिहरु बारे

अध्यावधिक हुनको लागि महिनको कम्तिमा एक पटक स्काइप वा संचारका अन्य माध्यमबाट अन्तर्राष्ट्रिय समन्वय परिषद्का महिला संयोजकले अनिवार्य रुपमा फोरमको वैठक आह्वान गर्नुपर्ने छ ।

६. बैठकको निर्णय:

वैठकमा भएका निर्णयहरुको माइनुट वैठक सकिएको मितिले दुई हप्ता भित्र अन्तर्राष्ट्रिय समन्वय परिषद्मा पेश गर्नु पर्ने छ ।

७. बैठक सम्बन्धि प्रक्रिया:

७.१ फोरमको बैठकको अध्यक्षता अन्तर्राष्ट्रिय समन्वय परिषद्को महिला संयोजकले गर्ने छ । संयोजकको अनुपस्थितिमा संयोजकले तोकेको व्यक्तिले गर्ने छ ।

७.२ बैठकको प्रतिवेदन र निर्णय विद्युतिय अभिलेखमा राखिने छ ।

८. बाधा अड्काउ फुकाउः

यस विनियमावली अनुसार कार्य गर्दा कुनै बाधा, अड्काउ पर्न आएमा त्यस्तो बाधा अड्काउ अन्तर्राष्ट्रिय समन्वय परिषद्ले फुकाउन सक्नेछ ।

९. यसै नियमावली बमोजिम हुनेः

यस नियमावलीमा लेखिएका कुराहरुको हकमा यसै नियमावली बमोजिम हुनेछ ।

१०. खारेजीः

१०.१ महिला फोरमको कार्यव्यवस्था सम्बन्धि नियमावली, २०१३ खारेज गरिएको छ ।

१०.२ महिला फोरमको कार्यव्यवस्था सम्वन्धी नियमावली, २०१३ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

।।समाप्त।